annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २१८ पृष्ठ ८ | काठमाडौं, शुक्रबार २८ मंसिर २०८१ | मार्ग शुक्लपक्ष त्रयोदशी नेपाल संवत् ११४५ | FRIDAY, DECEMBER 13, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# तीन दिनको विपद्, ४६ अर्बको क्षति

यस वर्ष असोज १०, ११ र १२ गते विपद्ले भौतिक, सामाजिक र उत्पादन क्षेत्रमा अर्बौंको क्षति गर्‍यो। सरकारी प्रारम्भिक तथ्यांकअनुसार, ४६ अर्ब ४ करोड ९७ लाख ७१ हजारभन्दा बढीको क्षति भएको छ। बर्सेनि कुल गार्हस्थ्य उत्पादनको ३ देखि ४ प्रतिशत विपद्मा खेर गइरहँदा पनि सरकार, नीति निर्माताहरू मौन छन्।

**दिनेश गौतम** | *काठमाडौं*

– को रिपोर्ट

**सामाजिक क्षेत्र**

घर आवास
- पूर्ण क्षति: ४,६६७
- आंशिक क्षति: ५,३१०

परिवार
- विस्थापित परिवार: १०,८०७
- क्षतिमात्र भएको परिवार: १६,२४३

स्वास्थ्य संस्था
- पूर्ण क्षति: ६
- आंशिक क्षति: ४३

शैक्षिक संस्था
- पूर्ण क्षति: ६
- आंशिक क्षति: १३५

कुल आर्थिक क्षति: ४६ अर्ब ५ करोड

कुल मानवीय क्षति
- घाइते: १७८
- मृत्यु: २४६
- बेपत्ता: १८

**उत्पादन क्षेत्र**

कृषि र पशुपालन
- पशु: २६,२०५
- जमिन (हेक्टर): ६,५०८४
- कुल अनुमानित क्षति: ५ अर्ब ८० करोड

सिँचाइ
- कुल प्रोजेक्ट: ७
- कुल अनुमानित क्षति: १ अर्ब ३५ करोड

**भौतिक पूर्वाधार क्षेत्र**

| कुन क्षेत्रमा कति क्षति भयो ? (संख्यामा) | क्षेत्र | कुन क्षेत्रमा कति क्षति भयो ? (रुपैयाँमा) |
|---|---|---|
| ४४ | पुल | १ अर्ब ४ करोड २० लाख |
| १,६१६ | पानीआपूर्ति | ५ अर्ब ९५ करोड) |
| ४१ | सडक | २७ अर्ब ५५ करोड |
| ३०२ | दूरसञ्चार | १५ करोड १८ लाख २० हजार |
| २६ | हाइड्रोपावर | ३ अर्ब १ करोड ८० लाख |
| ८४ | यातायात | ७२ करोड ९८ लाख ८० हजार |

समाचार पृष्ठ २

## बुल्गेरिया, रोमानियालाई सेन्जेन क्षेत्रको पूर्ण सदस्यको मान्यता

**बेल्जियम** (एजेन्सी) : यम युरोपेली संघ (ईयू) का सदस्य राष्ट्रहरूले बुल्गेरिया र रोमानियालाई अर्को वर्षको सुरुदेखि सीमारहित सेन्जेन क्षेत्रको पूर्ण सदस्य बन्न स्वीकृति दिएका छन्। 'बुल्गेरिया र रोमानियालाई स्वागत गर्न पाउनु ऐतिहासिक क्षण हो,' हंगेरीका गृहमन्त्री स्यान्डर पिन्टरले भने। सन् २००७ देखि युरोपेली संघका सदस्य रहेका यी दुई देशलाई मार्चमा आंशिक रूपमा स्वतन्त्र आवागमन क्षेत्रमा जोडिएको थियो, जसले सीमा जाँचबिना हवाई र समुद्री यात्रा खुला गरेको थियो।

यद्यपि, अस्ट्रियाले आप्रवासनको चिन्तालाई लिएर आफ्नो मुलुकमा पूर्ण प्रवेशमा रोक लगाएको थियो र यसले गर्दा स्वतन्त्र रूपमा आवतजावतमा समस्या रहेको थियो। भियनाले सोमबार ईयूका मन्त्रीहरूको बिहीबारको बैठकमा आफ्नो भिटो प्रयोग नगर्ने घोषणा गरेको छ, जसले जनवरी १, २०२५ देखि दुवैलाई पूर्ण सदस्य बन्ने मार्ग प्रशस्त गरेको छ।

बुखारेस्ट र सोफियाले सन् २०१० मा ब्रसेल्सले तोकेका सबै प्राविधिक मापदण्ड पूरा गरेका थिए तर विभिन्न सदस्य राष्ट्रहरूले उनीहरूको प्रवेशमा अवरोध गरेपछि सेन्जेन क्षेत्रमा सामेल हुन एक दशकभन्दा बढी समय पर्खिनु परेको थियो।

सन् २०२२ देखि अस्ट्रियाले उनीहरूको आवेदन रोकेको छ, जसले वर्षौंदेखि असुरक्षित बाह्य सेन्जेन सीमाहरूको परिणाम स्वरूप कागजातविहीन आप्रवासीहरूको असमान संख्याको होस्टिंगका बारेमा गुनासो गर्दै आएको थिए। बुडापेस्टमा तीन देशले 'सीमा सुरक्षा प्याकेज' सम्झौतामा हस्ताक्षर गरेपछि अस्ट्रियाले आफ्नो आपत्ति फिर्ता लिएको थियो। सम्झौतामा बुल्गेरियाली-टर्की सीमामा संयुक्त रूपमा सीमा रक्षकको तैनाथी र स्थलमार्गमा अस्थायी सीमा नियन्त्रणको प्रारम्भिक अवधि छ महिनाका लागि हुने अस्ट्रियाका गृहमन्त्री गेरहार्ड कार्नरले बताएका छन्।

सन् १९८५ मा स्थापना भएको सेन्जेन जोनमा हाल २९ सदस्य रहेका छन् जसमा युरोपेली संघका २७ सदस्य राष्ट्रमध्ये २५ का साथै स्विट्जरल्यान्ड, नर्वे, आइसल्यान्ड र लिचेन्स्टाइन छन्। यो आन्तरिक सीमा नियन्त्रण बिना विश्वको सबैभन्दा ठूलो क्षेत्र हो, जहाँ ४० करोडभन्दा बढी मानिस यस क्षेत्रभित्र स्वतन्त्र रूपमा यात्रा गर्न सक्छन्।

## अन्नपूर्णले कानुनी-कन्क्लेभ गर्ने, लोगो सार्वजनिक

**अन्नपूर्ण** | *काठमाडौं*

अन्नपूर्ण मिडिया नेटवर्कले संविधान, कानुनलगायत न्याय सम्बद्ध विषयवस्तुमा गहन छलफल गर्न एक दिने बृहत् कन्क्लेभ 'ल स्केप, २०२५' आयोजना गर्दै छ। त्यसका लागि निर्मित लोगो बिहीबार सार्वजनिक गरिएको छ।

लोगो सार्वजनिक कार्यक्रममा बोल्दै नेटवर्कका अध्यक्ष क्याप्टेन रामेश्वर थापाले राष्ट्रप्रति जिम्मेवार मिडिया हाउस भएका नाताले आफ्ना पाठक, श्रोता र दर्शकलाई संवैधानिक एवं कानुनी सरोकारका विषयमा विहंगम रूपमा अवगत गराउनु नेटवर्कको अभिभारा रहेको स्पष्ट पारे।

'संविधान बनेको १० वर्ष भयो। कतिपय संघीय र अन्य कानुन बन्ने प्रक्रिया अझै टुंगिएको छैन', उनले भने, 'यदाकदा संवैधानिक अस्पष्टता र जटिलता पनि आउने गरेका छन्। यस्तो अवस्थामा राष्ट्रिय/अन्तर्राष्ट्रिय विज्ञहरूको सहभागितामा कन्क्लेभ गर्दा राष्ट्रलाई समेत सहयोग पुग्ने ठानेका छौं। संविधानवाद, कानुनी एवं विधिको शासनका सन्दर्भमा पनि ल स्केपले योगदान पुर्‍याउने अपेक्षा लिएको छु।' अन्नपूर्ण पोस्ट् दैनिकका प्रधान सम्पादक अखण्ड भण्डारीले मुलुकमा बेलाबखत संवैधानिक एवं कानुनी संकट झेल्दै, भोग्दै आइरहेको सन्दर्भमा गरिन लागेको कार्यक्रम उपलब्धिमूलक हुने बताए। एपी वन टेलिभिजन एचडीका क्रियटिभ डाइरेक्टर सुरेश पौडेलले संविधान र कानुनका विषयमा हुन लागेको छलफल महत्वपूर्ण भएको उल्लेख गर्दै अर्थपूर्ण र प्रभावपरक बनाउनुपर्नेमा जोड दिए।

अन्नपूर्ण एक्सप्रेसका सम्पादक कमलदेव भट्टराईले अन्तर्राष्ट्रिय मिडियाले विभिन्न विषयमा बहसका कार्यक्रमहरू गर्दै आइरहेको चर्चा गर्दै कानुनी क्षेत्रका विज्ञहरूबीचको छलफलबाट नविनतम विचारहरू प्रवाह हुने अपेक्षा गरिएको बताए। अन्नपूर्ण पोस्ट् डट कमका सम्पादक शम्भु कट्टेलले सरकारी एवं निजी क्षेत्रबाट संविधान एवं कानुनी विषयवस्तुमा गहन छलफल नभइरहेको सन्दर्भमा अन्नपूर्ण मिडियाले गर्न लागेको कार्यक्रम उपलब्धिमूलक हुने बताए।

LAW SCAPE 2025
PERSPECTIVE | POLICY | PROGRESS

» बाँकी पृष्ठ ७

## बाइडेनद्वारा १५०० अपराधीलाई क्षमादान

**वासिङ्टन** (एजेन्सी) : अमेरिकी राष्ट्रपति जो बाइडेनले आफ्नो कार्यकाल सकिन लागेका बेला बिहीबार करिब १ हजार ५ सय अपराधीको सजाय कम गरेका छन् ।

त्यसैगरी ३९ जनालाई अहिंसात्मक अपराधका लागि माफी दिएका छन्। यसलाई ह्वाइट हाउसले अमेरिकी इतिहासमा एकै दिनमा सबैभन्दा ठूलो क्षमादानको कार्य भनेको छ। 'सफल पुन:स्थापना देखाउने ३९ जनालाई म क्षमा गर्दछु', बाइडेनले विज्ञप्तिमा भने, 'लामो जेल सजाय भोगिरहेका लगभग एक हजार पाँच सय व्यक्तिको सजाय पनि कम गर्दै छु।'

ह्वाइट हाउसले सजाय कम गरिएका करिब एक हजार पाँच सय मानिसले कम्तीमा एक वर्षदेखि घरमै सजाय भोगिरहेको बताएको छ। 'अमेरिका सम्भावना र दोस्रो अवसरको प्रतिज्ञामा निर्माण भएको हो', बाइडेनले भने, 'राष्ट्रपतिको हैसियतमा मलाई पश्चाताप र पुन:स्थापना देखाउने व्यक्तिहरूप्रति दया विस्तार गर्ने महान् विशेषाधिकार छ।' यस महिना बाइडेनले आफ्नो छोरालाई माफी दिएकोमा आलोचना खेप्नु परेको थियो।

# लिजेन्डर लारा आज नेपाल आउँदै, एनपीएलको उचाइ झन् बढ्दै

**विष्णु थापा** | *काठमाडौं*

विश्व क्रिकेटका दिग्गज क्रिकेटर ब्रायन लारा शुक्रबार नेपाल आउँदै छन्। नेपाल क्रिकेट संघ (क्यान) का प्रवक्ता छुम्बी लामाले बिहीबार एक विज्ञप्ति जारी गर्दै वेस्ट इन्डिजका महान क्रिकेटर लारा शुक्रबार बिहान नेपाल आउने जानकारी दिएका छन्। क्यानका अनुसार लारा काठमाडौंमा जारी नेपाल प्रिमियर लिग (एनपीएल) मा सहभागी हुन नेपाल आउन लागेका हुन्। वेस्ट इन्डिजका क्रिकेट लिजेन्ड लारा नेपाल आउने जानकारी क्यानका सचिव पारस खड्काले गत मंगलबार सामाजिक सञ्जालमार्फत दिएका थिए।

क्यारेबियन राष्ट्र ट्रिनिडाड एन्ड टोबागोका ५५ वर्षीय लाराले टेस्ट र एकदिवसीय क्रिकेटमा १० हजारभन्दा बढी रन बनाएका छन्। टेस्ट क्रिकेटमा एकै पालिमा अविजित ४ सय रन बनाउने कीर्तिमान लाराकै नाममा छ। उनी टेस्ट क्रिकेटको एउटै पालिमा ४ सय रन बनाउने एकमात्र खेलाडी हुन्। उनले सन् २००४ मा एन्टिगुवामा भएको इङ्ल्यान्डविरुद्धको चौथो टेस्टमा अविजित ४ सय रन बनाएका थिए। उनले सन् २००३ मा टेस्ट क्रिकेटमै दक्षिण अफ्रिकाविरुद्धको खेलमा एकै ओभरमा २८ रन बनाउँदै कीर्तिमान रचेका थिए। उनको यो कीर्तिमान सन् २०२२ मा भारतका जसप्रीत बुमराहले तोडेका थिए।



सन् १९९० देखि २००७ सम्मको समयलाई लारा युग मानिन्छ। यस अवधिमा उनले थुप्रै कीर्तिमानसँगै ऐतिहासिक सफलता पनि हासिल गरेका थिए। उनले वेस्ट इन्डिजबाट १ सय ३१ टेस्टमा ३४ शतक र ४८ अर्धशतकसहित ११ हजार ९ सय ५३ रन बनाएका छन्। यस्तै २ सय ९९ एकदिवसीय अन्तर्राष्ट्रिय खेलमा १९ शतक र ६३ अर्धशतकको मद्दतमा १० हजार चार सय पाँच रन बनाएका छन्। टेस्टमा ६० र एकदिवसीयमा ४९ ओभर बलिङ गरेका लाराले एकदिवसीय खेलमा चार विकेट लिएका छन्। उनकै कप्तानीमा सन् २००४ मा वेस्ट इन्डिजले आईसीसी च्याम्पियन्स ट्रफी जितेको थियो। जुन सन् १९७९ विश्वकपपछिको ठूलो उपाधि थियो। लारा टेस्ट क्रिकेटको विश्व वरीयतामा ब्याटिङतर्फ लामो समय शीर्षस्थानमा रहेका खेलाडी पनि हुन्। श्रीलंकाका चर्चित क्रिकेटर मुथैया मुरलीधरनले लारालाई विश्वका सबै ब्याटरमध्ये सबैभन्दा कठिन प्रतिद्वन्द्वी रहेको बताएका थिए।

विश्व प्रसिद्ध दिग्गज खेलाडी लाराको आगमनले एनपीएलसँगै नेपाली क्रिकेटलाई अन्तर्राष्ट्रियकरण गर्न थप मद्दत पुर्‍याउने क्यानको विश्वास छ। उनको कार्यतालिका नखुलाए पनि लाराले त्रिवि मैदानमा एनपीएलका केही खेलहरू हेर्ने र खेलाडीसँग साक्षात्कार गर्ने बुझिएको छ। 'विश्व क्रिकेटका महान खेलाडीमध्येका लाराको आगामन नेपाली क्रिकेटका लागि यादगार क्षण बन्नेछ', क्यानका प्रवक्ता लामाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'लाराको उपस्थितिले क्रिकेट समर्थकलाई मात्र प्रेरित गर्दैन, नेपाली क्रिकेटको विकासमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ।'

एनपीएलमा लिग चरणका खेलहरू सञ्चालन भइरहेका छन्। प्रतियोगिताको ३२ मध्ये बिहीबारसम्म २१ खेल सम्पन्न भइसकेको छ। जसमा जनकपुर बोल्ट्सले प्लेअफमा स्थान सुरक्षित गर्दा लुम्बिनी लायन्स प्लेअफ होडबाट बाहिरिने पहिलो टोली बनेको छ।